# सानीभेरी गाउँपालिका, सिम्ली,रुकुम(पश्चिम),कर्णाली प्रदेश,नेपाल

## सानीभेरी राजपत्र

खण्डः ७ संख्या :१७ मितिः २०८१/०२/३२


# भाग-२

# सानीभेरी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

नेपालको संविधान बमोजिम स्थानीय गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन कार्यविधि , नियमावली, मापदण्ड सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको।

## सानीभेरी गाउँपालिकाको रोजगार संवाद मञ्च (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि -२०८१

**कार्यपालिका बाट स्वीकृत मिति २०८१/०२/२०**

**सानीभेरी गाउँपालिकाको रोजगार संवाद मञ्च सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१**

**प्रस्तावनाः** यस सानीभेरी गाउँपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्थानीय तहमा रोजगारीको क्षेत्रमा रहेका अवसर तथा सम्भावनाको पहिचान, समस्याहरुको निदान र रोजगारी सृजनाका नवीनतम् उपाय, ढाँचा तथा विधिहरुको विकास गर्न र रोजगार नीति तथा कार्यक्रमका सम्बन्धमा आवश्यक सुझाव दिन प्रधानमन्त्री रोजगार कार्यक्रम सन्चालन निर्देशिका, २०७५ को दफा ४७ बमोजिम र स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ भित्र रहि रोजगार संवाद मञ्च गठन गरी जनशक्तिहरु व्यवस्थित तथा व्यवस्थापनका लागि यो कार्यविधि तर्जुमा गरी लागू गरिएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "रोजगार संवाद मञ्चको सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भए पश्चात मात्र लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

**(क) "ऐन"** भन्नाले रोजगारीको हक सम्बन्धी ऐन, २०७५ सम्झनु पर्दछ ।

**(ख) "निर्देशिका"** भन्नाले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ सम्झनु पर्दछ ।

(ग) **"नियमावली"** भन्नाले रोजगारीको हकसम्बन्धी नियमावली, २०७५ सम्झनु पर्दछ ।

**(घ) "मन्त्रालय"** भन्नाले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सम्झनु पर्दछ ।

**(ङ) "समुदाय"** भन्नाले टोल, गाउँ वा वस्ती स्तरमा बसोवास गर्ने व्यक्तिहरुको समूह वा समाजलाई सम्झनु पर्दछ।

**(च) "रोजगार संवाद मञ्च"** भन्नाले यस कार्यविधिको दफा ३ बमोजिम गठन भएको संस्थालाई सम्झनुपर्छ ।

**(छ) "बेरोजगार व्यक्ति"** भन्नाले एक आर्थिक वर्षमा न्यूनतम एक सय दिन रोजगारमा संलग्न नभएको वा कम्तीमा तोकिए बमोजिमको आय आर्जन हुने स्वरोजगारमा संलग्न नरहेको यस गाउँपालिका भित्र स्थायी बसोबास भएको अठार (१८) वर्ष देखि उनान्साठी (५९) वर्ष उमेर समुहका नेपाली नागरिकलाई सम्झनुपर्छ ।

**(ज) "स्वरोजगार"** भन्नाले आफ्नो श्रम, सीप, ज्ञान, श्रोत साधन र पूँजीको परिचालन गरी कुनै वस्तु वा सेवाको उत्पादन, त्यस्तो वस्तु वा सेवाको व्यापार वा कुनै उद्योग वा व्यापार व्यवसाय सञ्चालन वा त्यस्तै कुनै उद्यम वा आय आर्जन गर्ने कार्य सम्झनुपर्छ ।

**(झ) "रोजगार दाता"** भन्नाले यस गाउँपालिका, गाउँपालिका अन्तर्गतका कार्यालय तथा निकाय, सार्वजनिक संस्थान, संघ, संस्था, उद्योग, प्रतिष्ठान तथा कानुन बमोजिम सञ्चालनमा रहेका रोजगारमूलक निकाय सम्झनु पर्छ र सो शब्दले निजी रोजगारीका अवसर उपलब्ध गराउने व्यक्ति वा फर्मलाई समेत जनाँउछ ।

**(ञ) "रोजगार सेवा केन्द्र"** भन्नाले बेरोजगार व्यक्तिको सूचना संकलन, रोजगारीका अवसरहरुको पहिचान र सूचना प्रवाह, रोजगारदाताको लागि श्रमिक उपलब्धताको जानकारी र रोजगार सम्बन्धी अन्य सेवा प्रदान गर्न रोजगारीको हक सम्वन्धी ऐन, २०७५ को दफा १० र प्रधानमन्त्री रोजगार कार्यक्रम बमोजिम यस गाउँपालिकामा स्थापना भएको रोजगार सेवा केन्द्र लाई सम्झनुपर्छ ।

(ट) **"रोजगार संयोजक"** भन्नाले रोजगार सेवा केन्द्र सञ्चालन गर्नका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा ५० बमोजिम नियुक्त कर्मचारी एवम् रोजगार संवाद मञ्च र सो मञ्चले गठन गरेको कार्यदलको सदस्य-सचिव समेत लाई सम्झनुपर्छ ।

(ठ) **"निर्देशक समिति"** भन्नाले रोजगारीको हक सम्वन्धी नियमावली, २०७५ को नियम १४ तथा यस गाउँपालिकाको रोजगारीको हक सम्बन्धी कृयाकलापहरु कार्यान्वयनको लागि गठित स्थानीय निर्देशक समितिलाई जनाउँदछ ।

(ड) **"समुदाय स्तरको आयोजना"** भन्नाले समुदायस्तरमा सन्चालन हुने श्रमप्रधान सार्वजनिक पूर्वाधार निर्माण वा अन्य सार्वजनिक जायोजनालाई सम्झनु पर्दछ ।

## परिच्छेद-२

## रोजगार संवाद मञ्चको गठन

**३. रोजगार संवाद मञ्चको गठनः** (१) यस गाउँपालिकामा रोजगारीको क्षेत्रमा रहेका अवसरको पहिचान, समस्याहरुको समाधान, रोजगारी सिर्जनाका विधिहरुको विकाश गर्न तथा रोजगार सम्बन्धि विषयमा आवश्यक सुझाव दिन एक रोजगार संवाद मञ्च रहने छ।

(२) उपदफा (१) बमोजिमको मञ्च देहाय वमोजिम गठन हुनेछ

(क) गाउँपालिकाको उपाध्यक्ष - संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) गाउँपालिकाको आर्थिक विकास समिति संयोजक - सदस्य

(घ) गाउँपालिकाको सामाजिक विकास समिति संयोजक - सदस्य

(ङ) स्थानीय उद्योग बाणिज्य संघको प्रतिनिधि वा प्रतिष्ठित व्वसायी स्थानीय - सदस्य

(च) गाउँपालिकामा कार्यरत गैर सरकारी वा तालिम प्रदायक संस्थाबाट १ जना - सदस्य

(छ) गाउँपालिकामा कार्यरत निर्माण व्यवसायी संयोजकले तोकेको १ जना - सदस्य

(ज) टोल विकास समितिको प्रतिनिधि -१ जना - सदस्य

(झ) स्थानिय तहको सहकारी संजाल वा सहकारीहरुको प्रतिनिधि १ जना - सदस्य

(ञ) अपाङ्ग वा दलित समुदायबाट प्रतिनीधित्व हुनेगरी १ जना - सदस्य

(ट) यातायात व्यवसायीबाट स्थानीय प्रतिनीधित्व हुनेगरी १ जना - सदस्य

ठ) महिला तथा पिछडिएको समुदायबाट प्रतिनीधि १ जना - सदस्य

(ञ) गाउँपालिकाको रोजगार संयोजक -सदस्य सचिव

## परिच्छेद-३

## रोजगार सम्वाद मञ्चको काम, कर्तव्य र अधिकार

४. **रोजगार सम्बाद मञ्चको काम, कर्तव्य र अधिकारः (१)** रोजगार संवाद मञ्चको काम,कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) सानीभेरी गाउँपालिका भित्रका बेरोजगार व्यक्तिहरु तथा रोजगारदाताहरुको तथ्याङ्क संकलन गरि आवश्यक विवरण तयार गर्ने र विवरण वार्षिक रुपमा अद्यावधिक गर्ने ।

ख) रोजगारीको लगत तयार पार्दा उपलब्ध रोजगारीका लागि आवश्यक पर्ने जनशक्तिको योग्यता, सीप र अनुभवको विवरण सहित तोकेको ढाँचामा अद्यावधिक लगत तयार गरी राख्ने ।

ग) सानीभेरी गाउँपालिकाको बजेट तथा कार्यक्रमबाट रोजगारमूलक आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन र प्रतिवेदन गर्ने भूमिकामा सहयोग गर्ने ।

घ) निजी क्षेत्रलाई आफ्नो जनशक्ति आवश्यकताको पूर्वानुमान गर्न लगाइ सोको जानकारी रोजगार सेवा केन्द्रलाई उपलब्ध गराउन लगाउने र आवश्यक जनशक्ति सम्भव भएसम्म रोजगार सेवा केन्द्रमा सूचीकृत वेरोजगार व्यक्तिहरुको सूचीबाट लिन लगाउने ।

ङ) श्रम बजारको माग अनुसारका तालिम कार्यक्रमको पहिचान तथा कार्यान्वयनमा गाउँपालिका, सहकारी, तालिम सेवा प्रदायक संस्था लगायत सम्भावित रोजगारदाताहरु संग समेत सहकार्य गर्ने जस्ता कार्यहरु गर्ने ।

च) रोजगार संवाद मञ्चले रोजगार सेवा केन्द्र मार्फत बेरोजगार व्यक्तिहरुलाई प्रत्येक वर्षको फाल्गुण महिना भरीको म्याद भित्र तोकिए बमोजिको ढाँचामा बेरोजगार दर्ताका लागि निवेदन माग गर्न लगाउनु पर्नेछ ।

छ) उपदफा (च) बमोजिम प्राप्त निवेदनको छानविन गरी बेरोजगार ठहरिएका व्यक्तिहरुको सूची स्वीकृतको लागि स्थानीय निर्देशन समितिमा पेश गर्ने ।

ज) सूचीकृत भएका बेरोजगार व्यक्तिहरुलाई काममा खटाउनु पूर्व रोजगार सेवा केन्द्रलाई लाभग्राही परिचय पत्र वितरण गर्न लगाउने र रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिहरुमध्येवाट काममा छनौट भएका व्यक्तिहरुलाई अनिवार्य बैंक खाता खोली खाता नम्बर रोजगार सेवा केन्द्रमा पेश गर्न लगाउनु पर्ने छ ।

झ) श्रमिकका लागि कुनै किसिमको शुल्क नलाग्ने गरी शून्य मौज्दातमा बैंक खाता खोल्ने व्यवस्थाको लागि बैंकसँग मञ्चले समन्वय गर्ने छ।

ञ) रोजगार सेवा केन्द्रलाई आवश्यक निर्देशन दिने तथा यसको प्रभावकारी सञ्चालनका लागि आवश्यक सहयोग, सहजीकरण र समन्वय गर्ने,

ट) बेरोजगार व्यक्तिहरुको पहिचानमा सिर्जना हुने विवादका सम्बन्धमा रोजगार सेवा केन्द्रबाट पेश भई आएमा मञ्चले विस्तृत अध्ययन गरी सहजीकरण गर्नेछ ।

## परिच्छेद-४

## बैठक सम्बन्धी व्यवस्था

**५. बैठकको कार्यसुचीः** रोजगार सेवा केन्द्र व्यवस्थापनको लागि रोजगार संवाद मञ्चको बैठक कम्तिमा बर्षमा २ पटक बस्ने छ र आवश्यकता अनुसार जुनसुकै समयमा बस्न सक्ने छ।

क) संयोजकको निर्देशनमा सदस्य सचिवले बैठक बोलाउनु पर्नेछ ।

ख) रोजगार संवाद मञ्चको बैठकको अध्यक्षता संयोजकले गर्नेछ ।

ग) बैठकको गणपुरक संख्या ५१ प्रतिशत हुनेछ ।

घ) बैठकमा बहुमतका आधारमा निर्णय पारित गरिनेछ। मत बराबर भएमा अध्यक्षता गर्नेको मत निर्णायक मानिने छ ।

ङ) बैठकबाट पारित निर्णयहरुको अभिलेखिकरण सदस्य सचिवले संयोजकबाट प्रमाणित गराई राख्नु पर्ने छ ।

(च) रोजगार संवाद मञ्चको कुनै पनि विषयमा परामर्श लिन आफ्नो क्षेत्राधिकार भित्रको विषयमा छानविन गर्न कार्यक्षेत्र र समयावधि तोकी आवश्यकता अनुसार उप-समिति गठन गर्न सकिनेछ । त्यस्तो उप-समितिले निर्धारित समयमा सञ्च समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

## परिच्छेद-५

## विविध

- बेरोजगार व्यक्तिको सूचना संकलन, रोजगारीका अवसरहरुको पहिचान र सूचना प्रवाह, रोजगार दाताको लागि श्रमिक उपलब्धताको जानकारी र रोजगार सम्बन्धी अन्य सेवाप्रदान गर्ने ।
- कसैले पनि बेरोजगार व्यक्तिलाई रोजगार दिने सम्बन्धमा प्रचलित कानूनले कुनै खास वर्ग वा समुदायको लागि विशेष व्यवस्था गरेको अवस्थामा बाहेक त्यस्तो व्यक्तिको उत्पत्ति, धर्म, वर्ण, जातजाति लिङ्ग, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै कुनै आधारमा भेदभाव गर्न हुँदैन ।
- प्राप्त निवेदनमा रोजगार संवाद समुहले आवश्यक जांचबुझ गरी वास्तविक बेरोजगार व्यक्तिको सूची तयार गरी अचार्याधक अभिलेख राख्नु पर्नेछ ।
- रोजगारी सिर्जनाको लागि निजी क्षेत्र तथा गैर सरकारी संघ संस्थासँग आवश्यक समन्वय तथा सहकार्य गर्ने,
- रोजगारीको अवसर वृद्धिको लागि स्थानीय स्तरमा उत्पादित बस्तुको खपत तथा उपभोग गर्न विशेष अभियान सञ्चालन गर्ने,
- गरिबी निवारण र रोजगारी सृजना सम्बन्धी कार्यहरुलाई एकीकृत रुपमा सञ्चालन गर्ने आवश्यक समन्वय तथा सहकार्य गर्ने ।
- स्थानिय तह, उद्यमी, व्यवसायी, उद्योग वाणिज्य संग समन्वय गरी विभिन्न रोजगार तथा स्वरोजगार सिर्जना हुने किसिमका कार्यक्रमहरु संचालन गर्नुपर्ने छ ।
- सम्भावित चुनौती तथा असरको बारेमा रोजगार तथा अवसरका लागि आउने युबाहरुका लागिअन्तर्राकया तथा अभिमुखीकरण कार्यक्रम संचालन गर्नु पर्ने छ ।
- रोजगारदातालाई अभिमुखीकरण गर्दा रोजगारकी किसिम, कामको जिम्मेवारी, कार्य सम्पादन गर्ने तरिका, हाजिरी, पारिश्रमिक तथा अन्य सेवा सुविधा, कार्यस्थलका सुरक्षाको बारेमा जानकारी गराउनु पर्ने छ । रोजगारदाताहरुलाई सुचीकृत गरी तथ्यांक अद्यावधिक गर्नु पर्ने छ ।
- यस कार्यविधिमा रहेका अनुसुची अनुसार गाउँ कार्यपालिका अन्तर्गत रहेका रोजगार संयोजकको कार्यालयमा अभिलेखकको रुपमा अद्यवाधिक गरी राख्नु पर्ने छ।

६. **बाधा अड्काउ फुकाउनेः** यस कार्याविधि कार्यान्वयनमा कुनै चाधा अड्काउ परे गाउँ कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

७. **परिमार्जन तथा संशोधनः** कार्यविधिलाई आवश्यकता अनुसार गाउँ कार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

८. यो कार्यविधि नेपालको कुनै ऐन कानुन संग बाझिएमा बाझिएको हद सम्म स्वत खारेज भएको मानिने छ।

९. प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका २०७५ र रोजगार सम्वाद मञ्चको सञ्चालन तथा व्यवस्थापन कार्याविधि २०८१ मा उल्लेख नभएको तर स्थानिय स्तरमा आवश्यकता बमोजिम काम गर्न आवश्यक भए सो को लागि गाउँ कार्यपालिकाले आवश्यकता बमोजिम छलफल तथा निर्णय गरी कार्यान्वयन गर्न सक्ने छ।

## अनुसूची-१

### १. रोजगारदाताहरुको विवरणः

| क्र.स. | रोजगारदाताको नाम | ठेगाना | सम्पर्क ब्यक्ति | व्यवसायको प्रकृति | हाल रोजगारी संख्या | थप आवश्यक संख्या | आवश्यक जनशक्तिको प्रकृति | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | सीप भएको | सीप नभएको | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

# अनुसूची-२

## २. रोजगारी माग गर्ने जनशक्तिको विवरणः

| क्र. स. | नाम | ठेगाना | सम्पर्क व्यक्ति | शैक्षिक योग्यता | भएको सीप | कुन काम खोजेको | तालिम लिएको भए कुन तालिम | सीप परिक्षण छ/छैन |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

## अनुसूची-३

**३. रोजगारी सृजनाका लागि तालिम प्रदान गर्ने तालिम प्रदायक संघ संस्थाहरुको विवरणः**

| क्र. स. | तालिम प्रदायक संस्थाको नाम | ठेगाना | सम्पर्क व्यक्तिको नाम | सम्पर्क नम्बर | उपलब्ध तालिमहरु र तालिमको अवधि | हालसम्म सो संस्थाबाट तालिम प्राप्त गरी सकेका व्यक्तिको संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**अनुसूची-४**

**४. गाउँपालिका भित्र तालिम लिएका व्यक्तिहरुको विवरणः**

| क्र. स. | व्यक्तिको नाम | ठेगाना | सम्पर्क नम्बर | सीपको विवरण | तालिम प्राप्त | | सीप परिक्षण गरिएको | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | आफैले सिकेको | तालिम लिएको | छ | छैन |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

आज्ञाले
दिपक बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत